# खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धी) कार्यविधि, २०८१

**आयोगको बैठकबाट स्वीकृत भएको मिति: २०८१।१२।१३**

**प्रस्तावना:** नेपाल सरकारले संङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा उपभोक्ता संस्थाहरुद्वारा संचालित खानेपानी तथा सरसफाइ आयोजनालाई दिगो रुपमा सञ्चालन गरी सवै नागरिकहरुलाई स्वच्छ, गुणस्तरीय र भरपर्दो सेवा प्रदान गर्नको लागि उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपभोग गरे वापत तिर्नुपर्ने महसुल तथा सेवाशुल्क निर्धारणलाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

खानेपानी तथा सरसफाइ नियमावली,२०८१ को नियम ३७ (घ) र (च) ले दिएको अधिकार प्रयोग गरी आयोगले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धी) कार्यविधि,२०८१" रहेको छ। यसलाई छोटकरीमा "महसुल निर्धारण सम्बन्धी कार्यविधि" भनिने छ।

(२) यो कार्यविधि आयोगको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले ऐनको दफा २८ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।

(घ) "ऋण" भन्नाले सङ्गठित संस्था वा उपभोक्ता संस्था वा संघ, प्रदेश वा स्थानीय तहले खानेपानी आयोजना निर्माण, सेवा विस्तार, स्तरोन्नती, मर्मतसम्भार वा सञ्चालन गर्ने प्रयोजनको लागि वित्तीय संस्था वा सरकारसँग सम्झौता गरी लिएको रकम सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले खानेपानी तथा सरसफाइ ऐन,२०७९ सम्झनु पर्छ।

(च) "खपत युनिट" भन्नाले मिटर बमोजिम उपभोक्ताले उपभोग गरेको पानीको परिमाण सम्झनु पर्छ।

(छ) "धारा" भन्नाले खानेपानी उपभोग गर्नको निमित्त सेवाप्रदायक वा स्थानीय तहले कुनै व्यक्ति, संस्था, व्यवसाय, उद्योग तथा निकायका नाममा जडान गरिदिएको खानेपानी धारा सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले खानेपानी तथा सरसफाइ नियमावली,२०८१ सम्झनुपर्छ।

(झ) "महसुल निर्धारण" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत तिर्नुपर्ने सेवाको महसुल, सेवाशुल्क र अन्य सेवाशुल्कको समेत निर्धारणलाई बुझ्नु पर्दछ।

(ञ) "महसुल तथा सेवाशुल्क" भन्नाले उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत सेवाप्रदायकलाई बुझाउनुपर्ने रकम सम्झनु पर्छ र यस भित्र अन्य सेवाशुल्क समेत पर्नेछ।

(ट) "मिटर" भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उदेश्यले खानेपानी पाइप लाइनमा जडान गरिने मिटर सम्झनु पर्छ।

(ठ)"स्थानीय तह" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ड) "सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०८१" भन्नाले आयोगले गर्ने सार्वजनिक सुनुवाईको कार्यलाई सरल, व्यवस्थित र एकरुपता कायम गर्नको लागि आयोगले स्वीकृत गरेको निर्देशिकालाई सम्झनु पर्छ।

(ठ) "सेवाप्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउन प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका संस्थान, कम्पनी, उपभोक्ता संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उदेश्यले गठन तथा स्थापना भएका बोर्ड, समिति, प्राधिकरण वा त्यस्तै प्रकृतिका निकायलाई समेत जनाउँदछ।

## परिच्छेद-२

## महसुल तथा सेवाशुल्क निर्धारण गर्ने आधारहरु

३. **महसुल तथा सेवाशुल्क निर्धारणको मार्गदर्शक सिद्वान्तहरुः** (१) स्वच्छ खानेपानी सेवामा सवै नागरिकहरुको पहुँचको सुनिश्चितता हुने गरी खानेपानी तथा सरसफाइ सेवाको महसुल तथा सेवाशुल्क सर्वसुलभ रुपले निर्धारण गर्नु पर्ने छ।

(२) सेवाप्रदायकको वित्तीय दिगोपनलाई समेत आधार मानी देहायका लागत उठ्तीका विकल्पहरु अनुसार आयोगले महसुल तथा सेवाशुल्क निर्धारण गर्न सक्ने छ।

(क) प्रसासनिक खर्च, मर्मत तथा सञ्चालन खर्च उठ्ने गरी।

(ख) उपदफा २ (क) को अतिरिक्त र सेवाप्रदायकले लिएको ऋण तथा व्याज तिर्ने गरी।

(ग) उपदफा २ (ख) को अतिरिक्त र सेवा विस्तार तथा स्तरोन्नतीको लागि आवश्यक लागतको व्यवस्थापन हुने गरी।

(घ) उपदफा २ (ग) को अतिरिक्त सम्पत्तिको ह्रासकट्टी खर्च समेत उठ्ने गरी।

(३) जलवायूको असर न्यूनिकरण तथा अनुकुलन खर्च, विपद व्यवस्थापन खर्च र अन्य आवश्यक लागत उठ्ने गरी।

४. **महसुल निर्धारण गर्नुपर्ने आयोजनाहरुः** (१) नेपाल सरकारद्वारा निर्माण भईरहेका र निर्माणको लागि प्रस्ताव गरिएका आयोजना, निर्माण सम्पन्न भई सञ्चालनको प्रकृयामा रहेका आयोजना, सञ्चालनमा आई नियमित महसुल तथा सेवाशुल्क लिईरहेकामा समयसापेक्ष महसुल तथा सेवाशुल्कमा परिमार्जन गर्नुपर्ने अवस्था रहेका आयोजना तथा नियमावलीको अनुसूची ७ बमोजिमको

कार्यसम्पादन सुचक सुधारको लागि संघीय कार्यक्षेत्रभित्र रहेका आयोजनाहरुको कार्यान्वयन गर्नुपूर्व आयोगले महसुल निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम महसुल निर्धारण गर्दा नियमावलीको नियम ३ को उपनियम (१) अनुसार नेपाल सरकारको जिम्मेवारी र दायित्व अन्तरगतका आयोजनाहरुको मात्र आयोगले महसुल निर्धारण गर्न सक्नेछ।

५. **महसुल तथा सेवाशुल्क निर्धारण गर्ने आधारहरुः** (१) आयोगले सेवाको महसुल निर्धारण गर्दा सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्यसूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी नेपाल सरकारको नीति, विदेशी मुद्राको विनिमय दर तथा ह्रास कट्टी, पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाकोस्तर सहित देहायका आधारमा गर्नु पर्नेछः-

क) आयोजनाको लागत र प्रतिफल, ऋण लगानीको सावाँ र व्याज, जडित क्षमता शुल्क, कर, रोयल्टी, नियमन तथा अन्य शुल्क,

ख) अतिरिक्त पूँजीकरण, प्रशोधन, सञ्चालन तथा मर्मत खर्च, उपयोगको प्रकार, सेवाको थोक खरिद मूल्य,

ग) महसुल छुट दिनुपर्ने परिमाणको आधारमा सम्भावित मूल्यवृद्धि (क्रस सब्सिडी), अधिकार प्राप्त निकायवाट दिएको छुट सुविधा र न्यून आय भएका विपन्न तथा अव्यवस्थित बस्तीमा बसोबास गर्ने नागरिकहरु।

(२) ढल निकास सेवाको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा उपदफा (१) को अतिरिक्त देहायका आधारलाई समेत विचार गर्नुपर्नेछः-

(क) फोहोरपानी उत्पादकले निष्कासन गर्ने फोहोरपानीको मात्रा र किसिम,

(ख) निष्काशित फोहोरपानीबाट वातावरणमा पर्ने प्रभाव,

(ग) फोहोरपानी प्रशोधन व्यवस्थापनमा लाग्ने अनुमानित खर्च।

(३) यस दफा बमोजिम निर्धारित महसुल तथा सेवाशुल्क सेवाप्रदायकको सेवाको प्रकृति हेरी खानेपानी सेवाको महसुलमा जोडेर वा छुट्टै ढल निकास सेवाको मात्र हुने गरी महसुल तथा सेवाशुल्क तोक्न सक्नेछ।

(४) आयोगले खानेपानीको थोक खरिद तथा बिक्री मूल्य निर्धारण गर्ने आधारः (१) आयोगले खानेपानीको थोक खरिद तथा बिक्रीको लागि मूल्य निर्धारण गर्दा देहायका विषयलाई आधार लिनुपर्नेछः-

(क) उपभोक्ताको आवश्यकता र सेवाप्रदायकमा पर्ने वित्तीय प्रभाव,

(ख) माग र आपूर्ति बीचको सन्तुलन,

(ग) आयोजनाको लागत,

(घ) सञ्चालन र व्यवस्थापन खर्चको क्षमता र दक्षता,

(ङ) आर्थिक तथा वित्त व्यवस्थापन कुशलतापूर्वक गर्न सक्ने क्षमता,

(च) हिउँद वा वर्षामा हुने फरक मूल्य,

(छ) पानीको गुणस्तर, उपलब्धता र सुरक्षा,

(ज) पानी उपयोगको प्रयोजन (घरेलु, व्यवसायिक, औद्योगिक),

(झ) अप्रशोधित, अर्ध-प्रशोधित वा प्रशोधित पानीको किसिम,

(ञ) वातावरणमा पर्न सक्ने प्रभाव।

५) खानेपानीको थोक खरिद तथा बिक्री मूल्य निर्धारण गर्दा आयोगले तोके बमोजिम गर्नुपर्ने छ।

**परिच्छेद-३**

**सेवाप्रदायकले महसुल निर्धारणको निमित्त आयोग समक्ष निवेदन दिंदा अपनाउनु पर्ने कार्यविधि**

६. **महसुल प्रस्ताव तयारीका चरणहरुः**(१) सेवा प्रदायकले महसुलको प्रस्ताव तयार गर्नुपूर्व ग्राहकको सेवामा खर्च गर्ने चाहना (willingness to Pay), क्रयशक्ति(Affordability) र सेवाग्राही सन्तुष्टि सर्भेक्षण गर्नु पर्नेछ। साथै आफ्नो सेवा क्षेत्रका उपभोक्ताहरु समक्ष सेवाप्रदायकले हालको महसुल तथा सेवाशुल्क सम्बन्धमा छलफल तथा अन्तरकृया गर्नुपर्ने छ। सेवाप्रदायकले आयोगको समेत संलग्नताको लागि अनुरोध गरेमा सो सेवाग्राही सन्तुष्टि सर्भेक्षण, छलफल तथा अन्तरकृया कार्यक्रममा आयोगका पदाधिकारी वा कर्मचारी समेत उपस्थित हुन सक्नेछन्।

(२) उपदफा (१) अनुसार प्राप्त गुनासो, सुझाव र सुधारका पक्षहरु सहित सेवा प्रवाह सुधार योजना समेत समेटी महसुल निर्धारण गर्ने सम्बन्धमा देहायका आधारहरु सहित अनुसूची-१ बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन र प्रस्ताव पेश गर्नु पर्नेछ। सेवाप्रदायकले प्रस्ताव पेश गर्दा दूई प्रति हार्डकपी र सफ्टकपी आयोगमा बुझाउनु पर्नेछ।

(क) नयाँ सेवा सञ्चालनको लागि महसुल निर्धारण गर्नु पर्ने आधारहरु,

(ख) महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसका आधार,

(ग) साविकमा लिई आएको महसुल र प्रस्तावित महसुल दर स्पष्ट देखिने गरी तयार गरिएको तुलनात्मक मूल्य सूची,

(घ) सेवाप्रदायकले प्रस्ताव गरेको महसुलबाट सेवा सञ्चालन, मर्मत तथा संभार खर्च, सेवास्तरको वृद्धि र उपभोक्ताको सन्तुष्टि, ह्रास कट्टी, सेवाप्रदायकले सेवा सञ्चालनको लागि लिएको ऋणको सावाँ ब्याजको भुक्तानी, वार्षिक मूल्यवृद्धिबाट बढ्ने खर्च समेतको हिसाब गरी सेवाप्रदायकलाई हुन सक्ने मनासिव मुनाफा,

(ङ) प्रस्तावित महसुलबाट खण्ड (घ) बमोजिमको खर्च धान्न र मुनाफा आर्जन गर्न पर्याप्त हुने नदेखिएमा वा तत्काल महसुल बढाउन नहुने भएमा सञ्चालन खर्च धान्न र मुनाफाको लागि सेवाप्रदायकले पहिचान गरेको आर्थिक श्रोत र दीर्घकालीन योजनाको मनासिव आधार,

(च) सेवा सञ्चालन खर्चमा सालबसाली हुने वृद्धि र प्रस्तावित महसुलको तुलनात्मक विश्लेषण,

(छ) प्रस्तावित महसुल व्यहोर्न नसक्ने तहका उपभोक्तालाई महसुलमा छूट गर्ने सम्बन्धमा तयार गरेको आधार र त्यस्तो छूट महसुलका कारणले अन्य उपभोक्तालाई पर्न सक्ने थप भार,

(ज) सेवाप्रदायकले प्रचलित कानुन बमोजिम स्थापना भएको कुनै निकायबाट सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरेको वा सम्झौता गरेकोमा त्यस्तो अनुमतिपत्र वा सम्झौताको प्रतिलिपि,

(३) उपदफा (२) अनुसार महसुल निर्धारणको प्रस्ताव पेश गर्नु अगाडी सेवा प्रदायकको संचालक समितिबाट प्रस्ताव स्वीकृत गर्नुपर्ने छ। साथै सेवाप्रदायकले नियमानुसार कुनै निकायवाट अनुमति लिएको छ भने उक्त अनुमति प्रदायक संस्थाको समेत सिफारिस संलग्न गरी देहायका सेवा सुधार योजना सहित आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) चुहावट नियन्त्रण सम्बन्धी

(ख) संस्थागत संरचनाको विष्लेषण

(ग) वक्यौताको अवस्था र उठाउने कार्यविधि

(घ) सेवाग्राहीको प्रभावकारी गुनासो व्यवस्थापन

(ङ) खानेपानी वितरण तालिकामा सेवाग्राहीको पहूँच

(च) महसुलको विलिङ र संकलनको अनुपात बढाउने कार्य योजना

(छ) प्रस्तावित महसुल कार्यान्वयनको लागि आवश्यक तयारी र कार्य योजना

(ज) आन्तरिक शुसासन

(झ) वेवसाईटमा सेवाग्राहीको पहूँच र कार्यान्वयन

(ञ) सेवा प्रदायकले पेश गर्न आवश्यक ठानेका र आयोगसँग छलफल हुँदा उठेका अन्य विषयहरु

(४) महसुल गणनाको लागि आवश्यक विवरण तथा तथ्यांकहरु अनुसूचि-२ र महसुल तथा सेवाशुल्क सम्बन्धी हिसाव गर्दा अनुसूची-३ मा तोकिए बमोजिम गर्नुपर्ने छ।

(५) सेवा प्रदायकले आयोगमा प्रस्ताव पेश गरे पश्चात आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरु र विज्ञहरु सहितको वैठक आयोजना गरि छलफल गर्न सकिने छ र बैठक पश्चात प्रस्तावमा थप गर्नुपर्ने विषय भएमा सो समेत समावेश गरी प्रस्तावलाई पुर्णता दिनु पर्नेछ।

(६) सेवा प्रदायकबाट प्रस्ताव सहित आयोगमा पेश गरिएका आवश्यक कागजात, विवरण तथा प्रस्तावका सिद्धान्तहरु आयोगबाट अध्ययन र परिक्षण गरी तोकिएको ढाँचामा प्रस्ताव पेश गरे नगरेको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ।

(७) उपदफा (६) बमोजिम जाँचबुझ गर्दा निवेदकले पेश गर्नुपर्ने कागजात पेश नभएको वा विवरणहरु छुट भएको वा तोकिएको ढाँचा र सिद्वान्तमा प्रस्ताव पेश गरेको रहेनछ भने त्यस्तो कागजात वा विवरण वा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न आयोगले निवेदकलाई अधिकतम ३० दिनको अवधि तोकी प्रस्ताव पेश गर्न सेवा प्रदायकलाई सुचना दिनेछ।

(८) उपदफा (६) र (७) बमोजिम सेवाप्रदायकबाट आवश्यक कागजात वा विवरण वा परिमार्जित प्रस्तावको मस्यौदा बुझाए पश्चात आयोगले सेवा प्रदायकलाई महसुल निर्धारणको लागि सार्वजनिक सुनुवाई लगायत अन्य प्रकृया अगाडी बढाउनको लागि लिखित जानकारी दिनुपर्नेछ।

(९) दफा (६) र (७) बमोजिम निवेदन जाँचबुझ गर्दा निवेदकले प्रस्ताव गरेको महसुल निर्धारणको आधारहरु मनासिव नदेखिएमा वा भईरहेको महसुल परिवर्तन गर्न आवश्यक नदेखिएमा पेश भएको निवेदन कारण सहित फिर्ता पठाउन सक्नेछ।

## परिच्छेद-४

## आयोगले महशुल तथा सेवाशुल्क निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि

**७. महसुल निर्धारण गर्नेः** (१) आयोगले सेवा प्रदायकसँग समन्वय गरी ‘सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका,२०८१’ अनुसार सेवाप्रदायकबाट पेश भएको प्रस्तावको मस्यौदा उपर स्थानीयस्तरमा सार्वजनिक सुनुवाई गर्नेछ। उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको लागि स्थानीय स्तरमा गर्नुपर्ने व्यवस्थापकीय कार्यमा सहयोग गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ।

(२) सार्वजनिक सुनुवाईको क्रममा प्राप्त भएका सुझावहरु समेत सुधार योजनामा समावेश गर्नुपर्ने अवस्था देखिएमा आयोगले सेवा प्रदायकलाई लेखि पठाउन सक्नेछ । आयोगबाट लेखि पठाउनु अगाडी सरोकारवालाहरु सहित छलफल तथा बैठक वस्न वाधा पर्ने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाप्रदायकले प्राप्त राय सुझाव वा प्रतिकृयालाई समेत अध्ययन गरी थप सेवा सुधारका कार्यक्रम सहितको परिपक्व प्रस्ताव (दुई प्रति हार्डकपी र सफ्टकपी सहित) पेश गरेपश्चात आयोगले जाँचबुझ गरी कागजात पुगेको अवस्थामा उक्त प्रस्ताव दर्ता गरी सेवा प्रदायकलाई प्रस्ताव दर्ता भएको लिखित जानकारी गराउनेछ ।

(४) उपदफा (३) बमोजिम आयोगले लिखित जानकारी दिएको ६० (साठी) दिन भित्र आयोगले महसुल निर्धारण सम्बन्धी अध्ययन पूरा गरी निर्णय दिनुपर्ने छ । आयोगले महसुल निर्धारण गर्दा पूर्व शर्तहरु राखी महसुल तथा सेवाशुल्क निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम महसुल निर्धारण गर्दा आयोगले दफा ३, ४ र ५ बमोजिमका आधारको अतिरिक्त प्रचलित कानुन बमोजिम अनुमतिपत्र प्राप्त गरी वा सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवाप्रदायकको हकमा त्यस्तो अनुमतिपत्र प्रदान गर्दा वा सम्झौता गर्दाका बखत तोकिएका शर्त समेतलाई महसुल निर्धारणको आधार बनाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आयोगले महसुल निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागू हुने मिति समेत तोक्नुपर्नेछ ।

९. ढलसँग जोडिएका प्रणाली र खानेपानी सेवा प्रणाली प्रदान गर्ने एकै सेवाप्रदायक भएमा ढल प्रणालीको महसुल तथा सेवाशुल्क आयोगले निर्धारण गरे वमोजिम हुनेछ र आयोगले ढल सेवाको महसुल दर निर्देशिका जारी नगरे सम्मको लागि संरचना सञ्चालन र मर्मतसम्भारको लागतलाई आधार मानी खानेपानी महसुलमा जोडेर महसुल निर्धारण गर्न सक्नेछ ।

१०. छुट्टै ढल निकास सेवा र दिशाजन्य लेदो व्यवस्थापन प्रणालीको महसुल र सेवाशुल्क आयोगले तयार गरेको निर्देशिका वमोजिम हुनेछ । साथै ट्यांकर वा बोतलबन्दी पानीको अधिकतम विक्रीदर आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

११. कुनै व्यक्ति वा संस्थाले सेवाप्रदायकलाई वा सेवाप्रदायकले कुनै व्यक्ति वा संस्थालाई खानेपानी वा सरसफाइ सेवाको लागि एकमुष्ट पानी (बल्क वाटर सप्लाई) खरिद वा बिक्री गर्ने भएमा त्यसरी खरिद वा बिक्री गर्ने पानीको खरिद वा बिक्री मूल्य आयोगले तोकिदिए बमोजिम निर्धारण हुनेछ ।

१२. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले एकमुष्ट पानी खरिद गर्ने सेवाप्रदायक, संस्था, उपभोक्ता र साधारण उपभोक्तालाई फरक फरक महसुल तथा सेवाशुल्क निर्धारण गर्न सक्नेछ । मिटर नभएका, सार्वजनिक धारा, पाताल भएका धारा र घर पत्ता नलागेका धाराहरुको वारे सेवाप्रदायक र उपभोक्ताहरुको राय परामर्शमा महसुल तथा सेवाशुल्क लगायतको सम्वन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

१३. खानेपानी र ढल सेवा एकै सेवाप्रदायकबाट प्रदान गरेको भएमा ढलको सेवा प्राप्त गरिरहेका ग्राहकहरुबाट मात्र ढल सेवाको महसुल लिन पाईने छ ।

१४. एकै स्थानीय तहमा रहेका विभिन्न सेवाप्रदायकहरुले महसुल तथा सेवाशुल्क निर्धारणको लागि सामुहिक प्रस्ताव दिन सक्नेछन् । यसको लागि स्थानीय तहले समन्वयकारी भूमिका खेल्न सक्नेछ ।

**१५. सूचना प्रकाशन गर्नु पर्नेः**(१) आयोगले परिच्छेद-४ वमोजिम निर्धारण गरेको महसुल अन्तिम हुनेछ र सेवाप्रदायकले सोको अनिवार्य पालना गर्नुपर्ने छ।

(२)आयोगले निर्धारण गरेको महसुल दर सरोकारवालाहरु सवैको जानकारीको लागि आयोगको वेबसाईटमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-५

## स्थानीय तहले महसुल निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि

**१६. महसुल तथा सेवा शुल्क निर्धारण गर्नेः(१)** दुई हजार भन्दा कम ग्राहक संख्या भएका पालिक भित्र उपभोक्ता समिति वा ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड मार्फत खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका आयोजनाको हकमा स्थानीय तहले महसुल तथा सेवा शुल्क निर्धारण गर्न सक्नेछ।

(२) महसुल तथा सेवा शुल्क निर्धारणको लागि स्थानीय तहले प्राविधिक सहयोगको लागि अनुरोध गरेमा आयोगले आफ्नो श्रोत, साधन र विज्ञताको आधारमा सहयोग उपलव्ध गराउन सक्नेछ।

१७. **महसुल तथा सेवाशुल्क निर्धारण गर्न निवेदन दिनुपर्नेः** (१) सेवाप्रदायकले स्थानीय तहले तोकेका महसुल निर्धारणका आधारहरु वा यस कार्यविधिमा उल्लेखित आधारहरु सहित स्थानिय तहले निर्धारण गरेको ढाँचा वा आयोगले तोकेको ढाँचा अनुसार स्थानीय तह समक्ष महसुल निर्धारणको लागि निवेदन र प्रस्ताव दिनु पर्नेछ।

(२) प्रस्ताव तयार गर्नु पूर्व स्थानीय तहले ग्राहकहरुको सेवा सन्तुष्टिको सर्भेक्षण गर्न सक्नेछन्। साथै आफ्नो सेवा क्षेत्रका उपभोक्ताहरु समक्ष सेवाप्रदायकले हालको महसुल तथा सेवाशुल्क सम्बन्धमा छलफल तथा अन्तरकृया गर्न सक्नेछ। सेवा प्रदायकले तयार गरेको प्रस्ताव स्थानीय तहमा पेश गर्नु पर्नेछ।

**१८. निवेदन उपर जाँचबुझः** (१) दफा (१७) बमोजिम निवेदन सहितको प्रस्ताव प्राप्त भएमा स्थानीय तहले निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण तथा तोकिएको ढाँचामा प्रस्ताव पेश गरे नगरेको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ।

(२) खण्ड (क) बमोजिम जाँचबुझ गर्दा निवेदकले पेश गर्नुपर्ने कागजात वा विवरण वा तोकिएको ढाँचामा प्रस्ताव पेश गरेको रहेनछ भने त्यस्तो कागजात वा विवरण वा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न स्थानीय तहले निवेदकलाई ३० दिनको अवधि तोकी सो कुराको सूचना दिनु पर्नेछ।

(३) खण्ड (ख) बमोजिम सेवाप्रदायकबाट आवश्यक कागजात वा विवरण वा परिमार्जित प्रस्तावको मस्यौदा बुझाए पश्चात स्थानीय तहले सेवा प्रदायकलाई लिखित जानकारी दिनुपर्नेछ।

(४) खण्ड (ग) बमोजिम निवेदन जाँचबुझ गर्दा निवेदकले प्रस्ताव गरेको नयाँ महसुल निर्धारणको आधार मनासिव नदेखिएमा वा भईरहेको महसुल परिवर्तन गर्न आवश्यक नदेखिएमा निवेदन परेको मितिले साठी दिनभित्र सम्बन्धित निवेदकलाई सोको कारण खुलाई लिखित जानकारी दिनु पर्नेछ।

**१९. महसुल निर्धारण गर्नेः** (१) स्थानीय तहले सेवाप्रदायकबाट प्राप्त प्रस्तावलाई महसुल निर्धारण गर्नुअघि प्रस्तावित महसुल तथा सेवाशुल्कको सम्बन्धमा उपभोक्ताहरु समक्ष सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त राय सुझाव वा प्रतिकृयालाई समेत अध्ययन गरी सेवाप्रदायकले महसुल वा सेवाशुल्क निर्धारणको मस्यौदा तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मस्यौदामा स्थानीय तहले सम्बन्धित सरोकारवालाहरुसँग छलफल गराउन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम तयार गरिएको मस्यौदामा उपदफा (४) अनुसार छलफल गर्दा कुनै पनि सुझाव र प्रतिकृया प्राप्त भएमा र स्थानीय तहले उक्त सुझाव समावेश गर्न मनासिव देखेमा सुझावलाई समेत राखी सेवाप्रदायकले महसुल सम्वन्धी परिमार्जित निवेदन तथा प्रस्ताव  तयार गरी स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

(५) उपदफा  (४) बमोजिम प्राप्त निवेदन तथा प्रस्ताव जाँचबुझ गरेपछि निवेदकले प्रस्ताव गरेको महसुल दर बमोजिम वा संशोधन सहित स्थानीय तहले निवेदन परेको मितिले साठी दिनभित्र महसुल दर निर्धारण गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानीय तहले महसुल निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागू हुने मिति समेत तोक्नुपर्नेछ  र सेवाको महसुल तथा सेवा शुल्क सम्बन्धित  सुचना उपभोक्ताहरुलाई दिनु पर्नेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

**२०. महसुल तथा सेवाशुल्क पुनरावलोकनः** सेवा प्रदायकले चाहेमा खानेपानी तथा सरसफाइको महसुल दुई-दुई वर्षको अन्तरालमा पुनरावलोकन गर्न सकिने छ ।

**२१. अनुगमन गर्नसक्नेः** (१) आयोगद्वारा महसुल तथा सेवाशुल्क निर्धारण गरिएका सेवाप्रदायकहरुको महसुल कार्यान्वियन सम्बन्धमा आवश्यकता अनुसार आयोगले अनुगमन गर्न सक्नेछ । साथै हाल प्रचलनमा रहेको वा अन्य निकायद्वारा नियमानुसार महसुल निर्धारण भई लागु भएको अवस्थामा आयोगले अनुगमन गरि आवश्यक सुझावहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा पानीको महसुल र सेवाशुल्क, ऋण असुली, पानीको गुणस्तर लगायतका प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखिएमा आयोगले आवश्यक सुझाव दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त भएको सुझावको पालना गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तव्य हुनेछ ।

**२२. महसुल निर्धारणको लागि आयोगलाई सहयोग गर्नु पर्नेः (१)** महसुल तथा सेवाशुल्क निर्धारणको लागि आयोगले गर्नुपर्ने अध्ययन, सार्वजनिक सुनुवाई, स्थलगत भ्रमणको लागि सम्बन्धित सेवाप्रदायकले आवश्यक सहयोग तथा समन्वय गर्नुपर्ने छ । साथै सार्वजनिक सुनुवाईको लागि स्थानीय सरकार लगायत सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र संचार गर्ने जिम्मेवारी सम्बन्धित सेवाप्रदायकको नै हुनेछ ।

(२) महसुल निर्धारणको लागि ग्राहकको सेवामा खर्च गर्ने चाहना (willingness to Pay), क्रयशक्ति(Affordability), सेवा सन्तुष्टी सर्भेक्षण गर्न, प्रस्ताव लेखन गर्न, सुधारका कार्य योजना तयार गर्न, व्यवसायिक कार्य योजना तयार गर्न, सार्वजनिक सुनुवाई व्यवस्थापन गर्न लगायतका कार्यहरुको लागि सेवा प्रदायकबाट अनुरोध भई आएमा आयोगको श्रोत र साधनको उपलब्धताको आधारमा आवश्यक सहयोग गर्नु आयोगको कर्तव्य हुनेछ ।

२३. **प्रतिवेदन पेश गर्नुपर्नेः** आयोगले महसुल तथा सेवाशुल्क निर्धारण गरी लागु गरिरहेका सेवाप्रदायकहरुले वार्षिक प्रतिवेदन प्रत्येक वर्षको आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिन भित्र आयोगमा पठाउनु पर्नेछ।

**२४. संशोधन तथा हेरफेरः** (१) आयोगले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**२५. व्याख्याः** यस कार्यविधिको व्याख्या गर्ने अधिकार आयोगमा निहित हुनेछ।

## अनुसूची-१

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित )**

**सेवाप्रदायकले महसुल तथा सेवाशुल्क निर्धारण गर्दा अवलम्वन गर्नुपर्ने निवेदन र प्रस्तावको ढाँचा**

**(क)महसुल तथा सेवाशुल्क निर्धारणको लागि निवेदनको ढाँचा**

....................संस्थान\बोर्ड\कम्पनी\खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था\स्थानीय तह

..............(स्थानीय तह, जिल्ला, प्रदेश)

मितिः२०...\....\......

श्रीमान अध्यक्षज्यू,

खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग,

काठमाडौं।

विषयः महसुल तथा सेवाशुल्क निर्धारण गर्ने सम्बन्धमा।

उपरोक्त विषयमा यस.......................................... ....................संस्थान\बोर्ड\कम्पनी\खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था\स्थानीय तहको आधिकारिक निर्णय, देहाय बमोजिमका आवश्यक कागजात एवम् विवरण र खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धी) कार्यविधि,२०८१ अनुसार तयार गरेको संलग्न प्रस्ताव सम्बन्धमा आयोगबाट आवश्यक मूल्यांकन तथा स्वीकृतीको लागि पेश गरिएको छ। आयोगबाट पुनरावलोकन भई निर्धारण भएको महसुल तथा सेवाशुल्कलाई कार्यान्वयन गरिने व्यहोरा अनुरोध छ।

नाम, थरः..............................................

**कार्यालयको छाप**

दस्तखतः..............................................

पदः..............................................

मितिः..............................................

सम्पर्क व्यक्तिको ईमेल र सम्पर्क नं...................................

**(ख) सेवाप्रदायकले  महसुल तथा सेवाशुल्क निर्धारण गर्दा अवलम्वन गर्नुपर्ने प्रस्तावको  ढाँचा**

१. परिचय

१.१ सेवाप्रदायकको पृष्ठभूमी

१.२ महसुल तथा सेवाशुल्कको उदेश्य

१.३ महसुल तथा सेवाशुल्क निर्धारण एवम् अद्यावधिक गर्नुपर्ने औचित्य

२. कानुनी तथा नीतिगत व्यवस्था

२.२ बिद्यमान संवैधानिक, कानुनी, नीतिगत व्यवस्था

२.२ सेवा प्रदायकका नीति तथा प्राथमिकतासँग  सरकारका नीति तथा प्राथमिकतासँगको तादम्यता

३. खानेपानी तथा सरसफाइ प्रणालीको वर्तमान अवस्था

३.१ सेवा प्रणालीको वर्तमान पूर्वाधार र सेवा क्षेत्र

३.२ हालको माग, आपुर्ति र सेवा गुणस्तरको अवस्था

३.३ सरसफाइ तथा ढल व्यवस्थापनको अवस्था

४. हालको महसुल र सेवाशुल्कको अवस्था

४.१ हालको खानेपानी महसुलको किसिमहरु (घरायसी, आवासीय, औद्योगिक, व्यापारिक वा संस्थागत)

४.२ मिटर भएको र नभएको खानेपानी सेवाको महसुल र सेवाशुल्क

४.३ ढल तथा सरसफाइको वर्तमान महसुल तथा सेवाशुल्क

५. सेवाप्रदायकको व्यवसायिक कार्य योजना

५.१ सञ्चालन तथा मर्मत सुधारका रणनीतिहरु

५.२ खानेपानी श्रोतको दिगोपन, खानेपानी तथा सरसफाइ प्रणालीहरुको  प्रशोधन र सेवा विस्तारका योजनाहरु

५.३ सेवाप्रदायकले तोकेका नियमावली भित्र रहेका आवश्यक कार्य सम्पादन सुचकहरु

५.४ जलश्रोत व्यवस्थापन, विपद व्यवस्थापन र जलवायु अनुकुलित रणनीतिहरु

५.५ हालको जनशक्ती र प्रस्तावित जनशक्तीको विष्लेषण

५.६अनुदान, ऋण लगानी र भुक्तानीका कार्य योजनाहरु

५.७ बिपन्न  बर्गहरुको लागि महसुल तथा सेवाशुल्कमा सहुलियत सम्बन्धी व्यवस्था

५.८ सेवा सुधार सहितको संस्थाको कार्य योजना

६. सेवाप्रदायकको आम्दानी र खर्चको विष्लेषण

६.१ वर्तमान अवस्थामा सेवाप्रदायकको पाँच बर्षे आम्दानी खर्चको विष्लेषण

६.२ सेवाप्रदायकको व्यवसायिक कार्य योजना अनुसारका  कृयाकलापहरुको विष्लेषण

६.३ महसुल संकलनको अवस्था र वित्तिय दिगोपना

६.४ सेवाप्रदायकको कार्य योजना अनुसारका कृयाकलापहरु सञ्चालन गर्नको लागि आवश्यक बजेटको अनुमान

६.५ बजेटका श्रोतहरु (विभिन्न सरकारहरुको अनुदान वा ऋण, वित्तिय संस्थाहरुबाट प्राप्त ऋण तथा अनुदान, जनसहभागिता, सेवा   महसुल तथा सेवाशुल्क, अन्य)

६.६ कार्ययोजना कार्यान्वयनको लागि आवश्यक वित्तिय श्रोतको विष्लेषण

७. महसुल र सेवाशुल्कको अवस्था

७.१ नयाँ प्रस्तावित खानेपानी महसुल र सेवाशुल्कको किसिमहरु (घरायसी, आवासीय, औद्योगिक, व्यापारिक वा संस्थागत, अन्य)

७.२ ढल तथा सरसफाइको हालको तथा प्रस्तावित महसुल तथा सेवाशुल्क

७.३ महसुल बक्यौता  र मिटर नभएको खानेपानी सेवाको महसुल र सेवाशुल्क

७.४ प्रस्तावित महसुल तथा सेवाशुल्कका आधारमा सेवाप्रदायकको पाँच बर्षे आम्दानी खर्चको विष्लेषण

८. आर्थिक सामाजिक असरको विष्लेषण

८.१ उपभोक्ताको सेवा सन्तुष्टी सर्भेक्षण र विष्लेषण

८.२ नयाँ महसुल र सेवाशुल्कले विपन्न बर्गमा हुने असरको विष्लेषण

८.२ विपन्न बर्गलाई दिईने अनुदान

८.३ सार्वजनिक सुनुवाई र अन्य माध्यमबाट प्राप्त सुझावहरु

९. प्रस्तावित महसुल  तथा सेवाशुल्क

९.१ सारांश

९.२ प्रस्तावित महसुल कार्यान्वयनको लागि सेवा प्रदायकको कार्य योजना

९.३ तयार भएको महसुल दर तथा सेवाशुल्क स्वीकृतीको लागि प्रस्ताव

## अनुसूचीहरुः

अनुसूची-१ सेवाप्रदायकले महसुल तथा सेवाशुल्क निर्धारण गर्दा अवलम्वन गर्नुपर्ने प्रस्तावको ढाँचा

अनुसूची-२ महसुल तथा सेवाशुल्क निर्धारणका आवश्यक पर्ने विवरण तथा तथ्यांकहरु

अनुसूची ३- महसुल तथा सेवाशुल्क हिसाव गर्ने विधि

अनुसूची ४- (आवश्यकता अनुसार देहायका अनुसूचीहरुमा थपघट गर्न सकिनेछ।)

क. सार्बजनिक सुनुवाई वा अन्य उपायद्वारा सेवाप्रदायक वा सेवाग्राहीले महसुल र सेवाशुल्क निर्धारणमा दिईएका सुझावहरु

ख. अनुमतिपत्र जारी भएको हो भने अधिकार प्राप्त निकायबाट जारी भएको अनुमति पत्रको प्रतिलिपी

ग. लिज लाईसेन्स सम्झौता भएमा सो को प्रतिलिपी

घ. कुनै निकायसँग सेवाप्रदायकले कार्यसम्पादन सुचक सम्बन्धमा सम्झौता गरेको छ भने सो को प्रतिलिपी

ङ. कुनै वित्तीय संस्थासँग ऋण वा अनुदान सम्झौता भए सो को प्रतिलिपी

च. अघिल्लो आर्थिक वर्षको संस्थाको अडिट रिपोर्टको प्रतिलिपी

छ. अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनको प्रतिलिपी

ज. अन्य आवश्यक विषयवस्तुहरु

## अनुसूची-२

### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित )

### महसुल  तथा सेवाशुल्क निर्धारणका लागि आवश्यक पर्ने विवरण तथा तथ्यांकहरु

**१. उपभोक्ताहरुको विवरण (प्राप्त भएसम्म कम्तीमा तीन वर्ष सम्मको तथ्यांक लिने र नयाँको हकमा हालको विवरण)**

**घरायसी प्रयोजनको लागि (१\२")**

क) सेवा क्षेत्रमा रहेको जम्मा घरधुरीको संङ्ख्या

ख) सेवा प्राप्त गरेका घरधुरीको संङ्ख्या

ग) धारा जडान भएको घरधुरीको सङ्ख्या

घ) धारा जडान नभएका तर सेवा प्राप्त गरेका घरधुरीको सङ्ख्या

आवासिय र व्यवसायिक प्रयोजनको लागि (३\४")

क) सेवा क्षेत्रभित्र रहेका निजी विद्यालयहरुको संङ्ख्या

ख) सेवा प्राप्त गरेका निजी विद्यालयहरुको संङ्ख्या

ग) धारा जडान भएका निजी विद्यालयहरुको संङ्ख्या

घ) सेवा क्षेत्रभित्र रहेका सार्बजनिक विद्यालयहरुको संङ्ख्या

ङ) सेवा प्राप्त गरेका सार्बजनिक विद्यालयहरुको संङ्ख्या

च) धारा जडान भएका सार्बजनिक विद्यालयहरुको संङ्ख्या

छ) सेवा क्षेत्रभित्र रहेका रेस्टुरेन्टहरुको संङ्ख्या

ज) सेवा प्राप्त गरेका रेस्टुरेन्टहरुको संङ्ख्या

झ) धारा जडान भएका रेस्टुरेन्टहरुको संङ्ख्या

ञ) सेवा क्षेत्रभित्र रहेका निजी, सरकारी तथा गैर सरकारी कार्यालयहरुको संङ्ख्या

ट) सेवा प्राप्त गरेका निजी, सरकारी तथा गैर सरकारी कार्यालयहरुको संङ्ख्या

ठ) धारा जडान भएका निजी, सरकारी तथा गैर सरकारी कार्यालयहरुको संङ्ख्या

ड) सेवा क्षेत्रभित्र रहेका व्यापारिक संस्थाहरुको संङ्ख्या

ढ) सेवा प्राप्त गरेका व्यापारिक संस्थाहरुको संङ्ख्या

ण) धारा जडान भएका व्यापारिक संस्थाहरुको संङ्ख्या

त) सेवा क्षेत्रभित्र रहेका अन्य संस्थाहरुको संङ्ख्या

थ) सेवा प्राप्त गरेका अन्य संस्थाहरुको संङ्ख्या

द) धारा जडान भएका अन्य संस्थाहरुको संङ्ख्या

औद्योगिक  र व्यवसायिक (स्टार होटल, स्वीमिङ पुल सहितका रिसोर्ट, स्वीमिङ पुल सहितका निजि विद्यालयहरु, हाउजिङ कम्पनीहरु लगायतका अन्य  (१" भन्दा वढी)

क) सेवा क्षेत्रभित्र रहेका औद्योगिक र व्यवसायिक संस्थाहरुको संङ्ख्या

ख) सेवा प्राप्त गरेका औद्योगिक र व्यवसायिक संस्थाहरुको संङ्ख्या

ग) धारा जडान भएका औद्योगिक र व्यवसायिक संस्थाहरुको संङ्ख्या

**२ . खानेपानी पूर्वाधारहरुको आधारभुत विवरण (प्राप्त भएसम्म कम्तीमा तीन वर्ष सम्मको तथ्यांक लिने र नयाँको हकमा पुर्ण विवरण)**

**पानीको परिमाण**

क) ईन्टेकको उत्पादन क्षमता(घ.मी\दिन)

ख) ईन्टेकको हालको उत्पादन क्षमता(घ.मी\दिन)

ग) उपभोग परिमाण प्रति व्यक्ति प्रतिदिन (लि.)

अनुदान प्राप्त घर परिवारहरु

क) सेवा प्राप्त घरपरिवारको सङ्ख्या (नं)

ख) नयाँ धाराको लागि जडान शुल्क (रु.)

ग) न्यूनतम महसुल (रू.)

अनुदान प्राप्त नगर्ने घर परिवारहरु

क) सेवा प्राप्त घरपरिवारको सङ्ख्या (नं)

ख) नयाँ धाराको लागि जडान शुल्क (रु.)

ग) न्युनतम महसुल (रू.)

आवासिय तथा व्यवसायिक प्रयोजनका लागि

क) सेवा प्राप्त घरपरिवारको सङ्ख्या (नं)

ख) नयाँ धाराको लागि जडान शुल्क (रु.)

ग) न्युनतम महसुल (रू.)

औद्योगिक तथा व्यवसायिक प्रयोजनका लागि

क) सेवा प्राप्त घरपरिवारको सङ्ख्या (नं)

ख) नयाँ धाराको लागि जडान शुल्क (रु.)

ग) न्युनतम महसुल (रू.)

सेवाप्रदायकमा कार्यरत जनशक्ति

क) स्थायी रुपमा कार्यरत संङ्ख्या (नं)

ख) अस्थायी रुपमा (कामका आधारमा खटाईने) कार्यरत संङ्ख्या (नं)

ग) अन्य

## ३. सेवाप्रदायकसँग रहेको हालको सम्पत्ति

| सि.नं | सम्पत्तिको विवरण | डिजाईन समय (वर्ष) | निर्माण सम्पन्न भएको समय (वि.सं.) | निर्माणको लागत (रु.) | सम्पत्तिको मुख्य विशेषता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जमिन | | | | क्षेत्रफल | |
| २. | ईन्टेक(खोला, मुल, डिप बोरिङ, सम्पवेल वा अन्य) | | | | | |
| ३. | विभिन्न प्रकारका प्रसारण पाईप लाईन फिटिङ सहित | | | | | |
| ४. | ईन्टरुप्सन च्याम्बर | | | | | |
| ५. | प्रसोधन प्रणाली | | | | | |
| ६. | रिजर्भ ट्यांकी | | | | | |
| ७. | क्रसिङ | | | | | |
| ८. | विभिन्न प्रकारका वितरण पाईपलाईन फिटिङ भल्भ सहित | | | | | |
| ९. | ब्रेक प्रेसर टंकी | | | | | |
| १०. | बल्क मिटर | | | | | |
| ११. | पानी मिटरहरु | | | | | |
| १२. | धाराहरु | | | | | |
| १३. | भवनहरु | | | | | |
| १४. | प्रयोगशाला | | | | | |
| १५. | फर्निचरहरु | | | | | |
| १६. | मेशिनरी औजारहरु | | | | | |
| १७. | सफ्टवेयर | | | | | |
| १८. | सवारी साधनहरु | | | | | |
| १९. | सरसफाइ सम्बन्धी संरचनाहरु | | | | | |
| २०. | अन्य | | | | | |

## ४. ऋण

| सि.नं. | विवरण | ऋण लिएको वर्ष (वि.सं.) | रकम(रू.) | व्याज दर(%) | ऋण समाप्त हुने समय (म्याचुरिटी, वर्ष) | अतिरिक्त समय (ग्रेस समय, वर्ष) | ऋण प्रदान गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ऋण नं १ | | | | | | | |
| २. | ऋण नं २ | | | | | | | |
| ३. | ऋण नं ३ | | | | | | | |

## ५. नगद प्रवाह (प्राप्त भएसम्म विगत तीन वर्ष सम्मको तथ्यांक लिने र नयाँको हकमा यो अनिवार्य छैन)

**आम्दानी**

क) महसुल आम्दानी(विलिङ), रु.

ख) महसुल संकलन, रु.

ग) धारा जडान शुल्क, रु.

घ) सदस्यता शुल्क, रु.

ङ) जरिवाना शुल्क, रु.

च) यथार्थ जरिवाना शुल्क, रु.

छ) नामसारी र स्थान परिवर्तनबाट प्राप्त हुनुपर्ने आम्दानी, रु.

ज) मिटर वितरणबाट प्राप्त भएको आम्दानी, रु.

झ) व्याजबाट प्राप्त आम्दानी, रु.

ञ) अनुदानवाट प्राप्त हुने रकम, रु.

ट) ऋण, रु.

ठ) ...

ड) ...

ढ) अन्य आम्दानीहरु, रु.

## ६. खर्चहरु (प्राप्त भएसम्म विगत तीन वर्ष सम्मको तथ्यांक लिने र नयाँको हकमा यो अनिवार्य छैन)

क) तलव, भत्ता

ख) उपदान

ग) बिमा, औषधी, विदा आदि खर्च, रु.......

घ) विद्युत र ईन्धन खर्च, रु.

ङ) केमिकल खर्च, रु.

च) नियमित मर्मत संभार खर्च, रु.

छ) ल्याव टेस्ट खर्च, रु.

ज) अन्य प्रसासनिक खर्च, रु.

झ) व्याज भुक्तानी, रु.

ञ) साँवा भुक्तानी, रु.

ट) लिज एण्ड लाईसेन्स फि, रु.

ठ) ह्रास कट्टी खर्च, रु.

ड) ...

ढ) ...

ण) अन्य खर्चहरु, रु.

**७. ग्राहक सेवा सन्तुष्टी सम्बन्धी प्रश्नावलीहरु**

**सेवा प्रदायकको नाम र ठेगाना**

**ग्राहकको सेवामा खर्च गर्ने चाहना (willingness to Pay), क्रयशक्ति(Affordability) सेवा सन्तुष्टी सर्भेक्षण सम्बन्धी फाराम**

**भाग १: सामान्य जानकारी**

१. उत्तरदाताको नाम (वैकल्पिक): _______________

२. ठेगाना............ पालिका ...वडा नम्बर ....................टोल सम्पर्क नम्बर. ........................ (वैकल्पिक)

३. उपभोक्ताको प्रकार:

☐ व्यक्तिगत घरधनी

☐ संस्था

☐ व्यापारिक संस्था

☐ अन्य (कृपया उल्लेख गर्नुहोस्): _______________

४. के तपाईंले खानेपानी सेवा प्राप्त गर्नुभएको छ?

☐ पुर्ण छ

☐ आंशिक रूपमा

☐ छैन

(प्रश्न ४ मा "छैन" वा "आंशिक रूपमा छ" भन्ने उत्तर दिनेहरूका लागि)

४.१ यदि तपाईंको खानेपानी जडान छैन भने, प्रमुख कारण के हो? –

[ ] जडान शुल्क महँगो

[ ] पूर्वाधारको अभाव –

[ ] अन्य स्रोतको प्रयोग –

[ ] अन्य (कृपया उल्लेख गर्नुहोस्): _______________

४.२ (अन्य स्रोतको प्रयोग तपाईंको प्रमुख वैकल्पिक पानी स्रोत के हो?

[ ] इनार/ह्याण्डपम्प –

[ ] निजी आपूर्तिकर्ता (ट्यांकर/बोतल) –

[ ] खोलानाला/झरना –

[ ] अन्य (कृपया उल्लेख गर्नुहोस्): _______________

वैकल्पिक पानी स्रोतमा मासिक खर्च (रु.): ____________

**भाग २: नेपानी सेवासम्बन्धी सन्तुष्टि** (कृपया १ देखि ५ सम्म अङ्क दिनुहोस्: १ = अत्यन्त असन्तुष्ट, ५ = अत्यन्त सन्तुष्ट)

| दिने अङ्क | १ | २ | ३ | ४ | ५ | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. तोकिएको समयमा पानी प्राप्त हुने अवस्था | | | | | | |
| ६. खानेपानीको गुणस्तर (रंग, स्वाद, गन्ध): | | | | | | |
| ७. पानीको चाप (प्रेसर) पर्याप्त हुनु: | | | | | | |
| ८. पानी आपूर्तिको भरपर्दो अवस्था | | | | | | |
| ९. गुनासो सम्बोधन गर्ने सेवा प्रदायकको प्रतिक्रिया: | | | | | | |
| १०. सेवा प्रदायकको लागत तथा खर्च पारदर्शिता कस्तो छ? | | | | | | |

११. तपाईँको घरमा दैनिक पानी आउने गरेको, छ ☐ छैन ☐

११.१ यदी छ भने दैनिक कति घण्टा पानी उपलब्ध हुन्छ? ______ घण्टा

११.२ यदि दैनिक आउने गरेको छैन भने कति दिन बिराएर कति........ घण्टा पानी आउने गरेको छ।

१२. तपाईँको घरमा मिटर जडान गरेको, छ ☐ छैन ☐

१२.१ यदी छैन भने मासिक कती तिर्नु परेको छ।...................

**भाग ३: सरसफाइ सेवासम्बन्धी सन्तुष्टि** (कृपया १ देखि ५ सम्म अङ्क दिनुहोस्: १ = अत्यन्त असन्तुष्ट, ५ = अत्यन्त सन्तुष्ट)

| अङ्क | १ | २ | ३ | ४ | ५ | कैफियत |
|---|---|---|---|---|---|---|
| १३. तपाई को क्षेत्रमा ढल प्रणाली सुविधाको उपलब्धता | | | | | | |
| १४. ढल निकास प्रणालीको प्रभावकारिता | | | | | | |
| १५. सरसफाइ तथा फोहोर व्यवस्थापन: | | | | | | |
| १६. मलमूत्र व्यवस्थापन | | | | | | |
| १७. स्थानीय निकायको सरसफाइ सेवामा सहयोग | | | | | | |
| १८. सेवा प्रदायकको लागत तथा खर्च पारदर्शिता कस्तो छ? | | | | | | |

**भाग ५: सेवा शुल्क, पारदर्शिता, उपभोक्ताको सेवामा खर्च गर्ने चाहना र क्रयशक्ति**

१९. तपाई लाई हालको खानेपानी महसुल उचित लाग्छ? –

[ ] लाग्छ [ ] लाग्दैन

२०. यदि लाग्दैन भने, प्रमुख समस्या के हो? – [ ] धेरै महँगो [ ] मूल्य निर्धारण स्पष्ट छैन [ ] अतिरिक्त लुकेका शुल्कहरू छन [ ] अन्य (कृपया उल्लेख गर्नुहोस्):

| रु | १०० भन्दा कम | १००-२०० | २००-३०० | ३००-५०० | ५००-७०० | मासिक ७०० भन्दा बढी |
|---|---|---|---|---|---|---|
| २१. यदि तपाईँको परिवारलाई आवश्यक पर्ने जति मात्रामा गुण स्तरीय खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध भए, तपाई मासिक कति तिर्न तयार हुनुहुन्छ? | | | | | | |

**भाग ६: सेवा प्रदायकको प्रदर्शन मूल्यांकन** (कृपया १ देखि ५ सम्म अङ्क दिनुहोस्: १ = अत्यन्त कमजोर, ५ = अत्यन्त राम्रो)

| अङ्क | १ | २ | ३ | ४ | ५ | कैफियत |
|---|---|---|---|---|---|---|
| २२. सेवा प्रदायकले आवश्यक मर्मत सम्भार समयमै गरेको छ?: यदी छैन भने गुनासो कसरी गर्ने गर्नु गर्नुभएको छ ..........र गुनासो सुनाइमा सन्तुष्ट हुनु हुन्छ? | | | | | | |
| २३. गुनासो तथा समस्या सम्बोधनमा सेवा प्रदायकको तत्परता कस्तो छ | | | | | | |
| २४. सेवा प्रदायकको सूचना प्रवाह तथा पारदर्शिता कस्तो लाग्छ | | | | | | |
| २५. सेवा प्रदायकले आवश्यक सल्लाह, परामर्श तथा सहयोग उपलब्ध गराएको छ? | | | | | | |
| २६. कर्मचारीहरुले गुनासो सुन्ने र समाधान गर्ने गरेको सम्बन्धमा | | | | | | |
| २७. सेवा प्रदायकको खानेपानी सेवाको कार्यसम्पादन सम्बन्धमा तपाई सन्तुष्टि हुनुहुन्छ | | | | | | |

**भाग ७: सुझाव तथा प्रतिक्रिया**

२८. खानेपानी तथा सरसफाइ सेवामा सुधार गर्ने के कुराहरू आवश्यक छन्? .................................

**तपाई को अमूल्य प्रतिक्रिया प्रदान गर्नु भएकोमा धन्यवाद!**

## ८. प्रस्तावित लगानीको विवरण (नयाँ र  सेवा विस्तार तथा स्तरोन्नती)

### ८.१ योजना गरिएका पूर्वाधार तथा कार्यक्रमहरुको विवरण

| सि.नं | सम्पत्तिको विवरण | डिजाईन समय (वर्ष) | निर्माण सम्पन्न भएको समय (वि.सं.) | निर्माणको लागत (रु.) | सम्पत्तिको मुख्य विशेषता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जमिन | | | | क्षेत्रफल | |
| २. | ईन्टेक(खोला, मुल, डिप बोरिङ, सम्पवेल वा अन्य) | | | | | |
| ३. | विभिन्न प्रकारका प्रसारण पाईप लाईन फिटिङ सहित | | | | | |
| ४. | ईन्टरुप्सन च्याम्बर | | | | | |
| ५. | प्रसोधन प्रणाली | | | | | |
| ६. | रिजर्भ ट्यांकी | | | | | |
| ७. | क्रसिङ | | | | | |
| ८. | विभिन्न प्रकारका वितरण पाईपलाईन फिटिङ भल्भ सहित | | | | | |
| ९. | ब्रेक प्रेसर टंकी | | | | | |
| १०. | बल्क मिटर | | | | | |
| ११. | पानी मिटरहरु | | | | | |
| १२. | धाराहरु | | | | | |
| १३. | भवनहरु | | | | | |
| १४. | प्रयोगशाला | | | | | |
| १५. | फर्निचरहरु | | | | | |
| १६. | मेशिनरी औजारहरु | | | | | |
| १७. | सफ्टवेयर | | | | | |
| १८. | सवारी साधनहरु | | | | | |
| १९. | सरसफाइ सम्बन्धी | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरचनाहरु | | | | | |
| २०. | सेवा विस्तार र सुधारत्मक कृयाकलापहरु | | | | | |
| २१. | अन्य कृयाकलापहरु | | | | | |

## ८.२ सेवा सञ्चालन तथा लगानीको लागि कोष परिचालन

| सि.नं | कृयाकलापहरु | योजना गरिएको लगानी वर्ष | जम्मा लागत अनुमान | लागत साझेदारी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मौजुदा महसुलबाट (रु.) | अनुदान दिने निकाय | अनुदान (रु.) | ऋण दिने निकाय | ऋण (रु.) | जनसहभागिता (रु.) |
| १. | पूर्वाधार निर्माण | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| १. | सेवा विस्तार, सुधार तथा स्तरोन्नती | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| १. | दैनिक सेवा सञ्चालन तथा मर्मत सम्भार | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |

## ८.३ ऋण लगानीको योजना

| सि.नं. | लगानी गरिने वर्ष (वि.सं.) | व्याजदर(%) | ऋण तिरिसक्नु पर्ने समय(म्याचुरिटि, वर्ष) | अतिरिक्त समय (ग्रेस समय, वर्ष) | वित्तीय संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

## ९. आम्दानी र खर्चको ५ वर्षे प्रक्षेपण (महसुल नबढाएको परिस्थितीमा)

| सि.नं. | विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| १. | आम्दानी | | | | | |
| २. | खर्च | | | | | |
| ३. | व्यालेन्स | | | | | |
| | | | | | | |

नोटः

क) सेवा सञ्चालनको लागि आगामी वर्षहरुमा आवश्यक पर्ने लागत तयार गर्न, भविष्यमा पूर्वाधारको लागि आवश्यक पर्ने वजेट तयार गर्न, उपभोक्ताको क्रयशक्ती निर्धारण गर्न, मर्मत सम्भार सुधारको लागि समयानुसार लागत अनुमान तयार गर्नको लागि आवश्यकता अनुसार नेपाल राष्ट्र वैंक र अन्य निकायहरुको मुद्रा स्फिती तथ्यांकलाई आधार मान्न सकिनेछ।

ख) वर्तमान सम्पत्तिको हिसावको लागि सम्पत्तिको नाम, अनुमानित लागत, प्राप्ति वर्ष र यसको उपयोगी जिवनको तथ्यांक (Life Cycle Cost) संकलन गरी सम्पत्तिको वार्षिक ह्रास मूल्य, संचित ह्रास मूल्य, बुक भ्यालु, हालको मूल्य, भविष्यको वार्षिक मूल्यको हिसाव  निकालिने छ। आयोजनाको मर्मत सम्भार गरी सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधारहरुको वर्तमान मूल्य र प्रक्षेपित लागत अनुमान तयार गर्दा नेपाल राष्ट्र बैंकको मुद्रास्फिती दरलाई समेत आधार मान्नुपर्छ साथै आवश्यक जनशक्ती र श्रोतसाधनको समेत हिसाव गर्नुपर्नेछ।

ग) वित्तिय संस्था वा कुनै निकायलाई प्रत्येक वर्ष तिर्नुपर्ने ऋणको किस्ताबन्दी तथा व्याज, रोयल्टी, लिज एण्ड लाईसेन्स फि तथा अन्य दायित्वको वारेमा स्पष्ट हिसाव गरेको हुनु पर्नेछ।

## अनुसूची-३

### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित )

### महसुल तथा सेवाशुल्क हिसाव गर्ने विधि

**क) पानीको मागको प्रक्षेपण**

औषत जनसंङ्ख्या वृद्धि, औषत परिवार संङ्ख्या र अनुसूची-२ को बिगत तीन वर्षको आधारमा उपभोक्ताहरुको तथ्यांकको प्रक्षेपण

| उपभोक्ताको किसिम | इकाई (लि. प्रति व्यक्ति प्रति दिन) | मासिक उपभोग (लि.) | पहिलो बर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|
| औषत घरायसी माग | | | | | |
| औषत सार्वजनिक धाराको माग | | | | | |
| आवासिय र व्यवसायिक प्रयोजन | | | | | |
| औद्योगिक र व्यवसायिक प्रयोजन | | | | | |
| जम्मा | | ............. | ............. | ............. | ............. |
| अनुमानित चुहावट | % | | | | |
| महसुल संकलनको प्रतिशत | % | | | | |

१) महसुल तथा सेवाशुल्क निर्धारण गर्दा आयोजनाको कुल लागत, लागत उठ्तीको ऋण रकम, उपभोक्ताको घरधुरी संङ्ख्या, खानेपानीको अनुमानित खपत युनिट, उपभोक्ताको क्रयशक्ती, खानेपानी गुणस्तर, अनुमानित सञ्चालन तथा मर्मतसम्भार खर्च, बैंक वा अन्य निकायलाई तिर्नुपर्ने सावाँ ब्याजको भुक्तानी, आयोजनाको दिगोपन लगायत कार्यविधिमा उल्लेख भए अनुसारको आधारहरुमा महसुल तथा सेवाशुल्क निर्धारण हुन सक्नेछ ।

२) महसुल तथा सेवाशुल्कबाट प्राप्त हुने कुल वार्षिक आम्दानीबाट कुल वार्षिक खर्च घटाई हुन आउने कुल नगद प्रबाह धनात्मक भएमा उक्त महसुल र सेवाशुल्क दिगो भएको मानिनेछ ।

३) महसुल दर गणना गर्दा देहाय बमोजिम गर्न सकिनेछ

क) घरायसी\आवासिय\संस्थागत प्रयोजन (१\२” देखि ३\४” सम्मको साईज)

अ) पहिलो तहको महसुलः यस किसिमको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा खानेपानी सेवाको कुल सञ्चालन तथा मर्मत सम्भार खर्चको लागि लाग्ने लागतलाई धान्ने गरी निर्धारण गर्न सक्नेछ।

आ) दोश्रो तहको महसुलः यस किसिमको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा माथि उल्लेखित (अ) को अतिरिक्त ऋणको साँवा र व्याज तिर्न लाग्ने रकम समावेश गरी निर्धारण गर्न सक्नेछ।

इ) तेस्रो तहको महसुलः यस तहको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा माथि उल्लेखित (आ) को अतिरिक्त सम्पत्ती संरक्षण लागतको लागि लाग्ने रकम र ह्रास कट्टी रकम जोडेर हुने रकम समावेश गरी महसुल निर्धारण गर्न सक्नेछ।

ई) चौथो तहको महसुलः यस तहको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा माथि उल्लेखित (इ) को अतिरिक्त क्षेत्र विस्तार र सेवा स्तरोन्नतिको लागि लाग्ने रकम समेतलाई आधार मानि महसुल निर्धारण गर्न सक्नेछ।

ख) औद्योगिक र व्यवसायिक (स्टार होटल, स्वीमिङ पुल सहितका रिसोर्ट, स्वीमिङ पुल सहितका नीजि विद्यालयहरु, हाउजिङ कम्पनीहरु लगायतका अन्य (१" भन्दा बढी)- यस प्रकारको महसुल तथा सेवाशुल्कबाट पुरै पूँजीगत लगानी फिर्ता, सम्पूर्ण सञ्चालन खर्च, भविष्यको लगानीको अतिरिक्त जलबायू न्यूनिकरण तथा अनुकुलित खर्च, विपद व्यवस्थापन खर्च, विपन्न बर्गलाई दिईने सहुलियत लगायतका खर्चहरु समेत समावेस हुन सक्नेछ।

**४) धारा जडान शुल्क, सेवाशुल्क, अन्य शुल्क, जरिवाना र महसुल दरको संरचना**

**अ) धारा जडान, सेवाशुल्क तथा अन्य शुल्कहरु**

| **सि.नं** | **धारा जडान शुल्क, सेवाशुल्क तथा अन्य शुल्कहरु** | **प्रस्तावित दर (रू.)** |
|---|---|---|
| क) | प्रयोजन र पाइपको साईजको आधारमा धारा जडान शुल्कहरु | |
| १. | घरायसी\आवासिय\संस्थागत | |
| | १\२" | |
| | ३\४" | |
| | | |
| ३. | औद्योगिक र व्यवसायिक (स्टार होटल, स्वीमिङ पुल सहितका रिसोर्ट, स्वीमिङ पुल सहितका निजि विद्यालयहरु, हाउजिङ कम्पनीहरु लगायतका अन्य | |
| | १" | |
| ४. | १.५" | |
| ५. | २" | |
| ६. | ३" | |
| ७. | ४" | |
| ८. | अन्य भए उल्लेख गर्ने | |
| ख) | सेवाशुल्क तथा अन्य शुल्कहरु (तलका मध्ये केही शुल्क घटाउन वा केही भए थप गर्न सकिने छ) | |

| | | |
|---|---|---|
| १. | निवेदन शुल्क | |
| २. | ग्राहकको नयाँ कार्ड शुल्क | |
| ३. | स्वामित्व हस्तान्तरण शुल्क | |
| ४. | होल परिवर्तन शुल्क | |
| ५. | ग्राहकको कम्पाउण्ड भित्रको पाईप लाईन सफा तथा मर्मत शुल्क | |
| ६. | मिटर परिक्षण शुल्क | |
| ७. | पानी टेस्ट शुल्क | |
| ८. | मिटर शुल्क | |
| ९. | ढल सेवाशुल्क | |
| १०. | अन्य शुल्क | |
| ११. | | |

**आ) छुट र जरिवाना**

| **भुक्तानी समय** | प्रस्तावित दर (रू. |
|---|---|
| बिलिङ गरेको महिना भित्र भुक्तानी गरेमा | ....प्रतिशत छुट |
| बिलिङ गरेको महिना पश्चात दोश्रो महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ...... प्रतिशत छुट |
| बिलिङ गरेको महिना पश्चात तेश्रो महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | जरिवाना नलाग्ने |
| बिलिङ गरेको महिना पश्चात चौथो महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ....% जरिवाना |
| बिलिङ गरेको महिना पश्चात पाँचौ महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ......% जरिवाना |
| बिलिङ गरेको महिना पश्चात छैंठौं महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ......% जरिवाना |
| बिलिङ गरेको महिना पश्चात सातौं महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ......% जरिवाना |
| बिलिङ गरेको महिना पश्चात आठौ महिनाको दोश्रो हप्तासम्म भुक्तानी गरेमा | ......% जरिवाना |
| अन्य छुट तथा जरिवाना भए उल्लेख गर्ने | |

**इ) महसुल दर संरचनाः सेवा क्षेत्र, उपभोक्ताहरु र सेवा प्रदायकको प्रकृती अनुसार महसुलको ब्लक र पानीको परिमाण फरक हुन सक्छ ।**

**(१\२” साईज)**

| ब्लक | .........घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म |
|---|---|---|---|---|---|
| महसुल मिटर भएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट | रु.......प्रति युनिट | रु.......प्रति युनिट |
| महसुल मिटर नभएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट | रु.......प्रति युनिट | रु.......प्रति युनिट |

**<u>(३\४” साईज)</u>**

| युनिट | .........घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म |
|---|---|---|---|
| महसुल मिटर भएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट |
| महसुल मिटर नभएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट |

**<u>१” वा सो भन्दा वढीको लागि</u>**

| पाईप साईज | पहिलो(१’) | दोश्रो(१.५’) | तेस्रो(२”) | चौथो (३”) | पाँचौं(४”) |
|---|---|---|---|---|---|
| युनिट | .........घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | .........घ.मी देखि ...घ.मी सम्म | **युनिट** | .........घ.मी सम्म |
| महसुल मिटर भएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट | **महसुल मिटर भएको** | न्युनतम रकम रु........ |
| महसुल मिटर नभएको | न्युनतम रकम रु........ | रु.......प्रति युनिट | रु.......प्रति युनिट | **महसुल मिटर नभएको** | न्युनतम रकम रु........ |

ई) ढल सेवाको महसुलः खानेपानी र ढल सेवा एकै सेवाप्रदायकबाट प्रदान गरेको भएमा संरचना सञ्चालन र मर्मतसम्भारको लागतलाई आधार मानी खानेपानी महसुलमा जोडेर लिन सकिनेछ।

**५) आम्दानी र खर्चको ५ वर्षे प्रक्षेपण ( प्रस्तावित महसुल र सेवाशुल्क बढाएको परिस्थितीमा)**

| सि.नं. | विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| १. | आम्दानी | | | | | |
| २. | खर्च | | | | | |
| ३. | व्यालेन्स | | | | | |
| | | | | | | |

**अनुसूची ४- (आवश्यकता अनुसार देहायका अनुसूचीहरुमा थपघट गर्न सकिनेछ।)**

क. सार्बजनिक सुनुवाई वा अन्य उपायद्वारा सेवाप्रदायक वा सेवाग्राहीले महसुल र सेवाशुल्क निर्धारणमा दिईएका सुझावहरु

ख. अनुमतिपत्र जारी भएको हो भने अधिकार प्राप्त निकायबाट जारी भएको अनुमति पत्रको प्रतिलिपी

ग.  लिज लाईसेन्स सम्झौता भएमा सो को प्रतिलिपी

घ.  कुनै निकायसँग सेवाप्रदायकले  कार्यसम्पादन सुचक सम्बन्धमा  सम्झौता गरेको छ भने सो को प्रतिलिपी

ङ. कुनै वित्तीय संस्थासँग ऋण वा अनुदान सम्झौता भए सो को प्रतिलिपी

च. अघिल्लो आर्थिक वर्षको संस्थाको अडिट रिपोर्टको प्रतिलिपी

छ. अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनको प्रतिलिपी

ज. अन्य आवश्यक विषयवस्तुहरु

# महसुल निर्धारणसँग सम्बन्धित कार्यविधिको सारांश

## महसुल निर्धारण सम्बन्धि प्रकृयागत चरणहरु (Procedural Steps for Tariff Fixation) :

**(क) प्रस्ताव पेशः**

१. सेवा प्रदायकले महसुल प्रस्ताव तयार गर्नुपूर्व सेवाग्राही सन्तुष्टि (CSS) सर्भे गर्नुपर्नेछ ।

२. सेवाग्राही सन्तुष्टि (CSS) सर्भे गर्दा उपभोक्ताहरुको महसुल तिर्न सक्ने क्षमता (Affordability) र महसुल तिर्ने ईच्छाशक्ति (willingness to Pay) को समेत सर्भेको अंग बनाउनु पर्नेछ ।सर्भे सम्बन्धि कार्यविधि सेवा प्रदायकले तयार गरी स्वीकृत गर्न सक्नेछन् ।

३. उक्त सर्भे गर्दा प्राप्त गुनासो सुझाव र सुधारका पक्षहरुलाई सेवा प्रवाह सुधार योजना (Service delivery improvement plan) मा समावेश गर्नु पर्नेछ । उक्त योजना सेवाप्रदायको सञ्चालक समितिबाट स्वीकृत भएको हुनु पर्नेछ ।

४. अनुमति प्रदायक संस्थाले समेत विधिवत उक्त प्रस्ताव शिफारिस गरेको हुनुपर्दछ।

५. सेवाप्रदायकले आयोगमा प्रस्ताव पेश गरे पश्चात छलफल बैठक आयोजना गर्न सकिनेछ ।

६. छलफल बैठक पश्चात थप गर्नुपर्ने विषय भएका सो विषयहरु (Hardcopy/Softcopy) समेत समावेश गरी प्रस्तावलाई पूर्णता दिनु पर्नेछ ।

७. सबै कागजात र प्रस्तावमा सिद्धान्तहरु आयोगबाट अध्ययन र परिक्षण गरिनेछ ।

८. उक्त पेश भएका प्रस्ताव उपर आयोगले सेवा प्रदायकसँग समन्वय गरी स्थानीय स्तरमा सार्वजनिक सुनुवाई गर्नेछ ।स्थानीय स्तरमा गर्नुपर्ने सार्वजनिक सुनुवाई एक वा सो भन्दा बढी स्थान र चरणमा गर्न सकिनेछ ।

९. उक्त सार्वजनिक सुनुवाईको व्यवस्थापकिय पक्षमा सहयोग गर्नु सेवाप्रदायकको कर्तव्य हुनेछ । सार्वजनिक सुनुवाईमा उठेका विषयहरु समेत सुधार योजना समावेश गर्नुपर्ने अवस्था देखिएमा आयोगले सेवा प्रदायकलाई लेखि पठाउन सक्नेछ । लेखि पठाउन अगाडी छलफल बैठक बस्न बाधा पर्ने छैन ।

**(ख) प्रस्ताव दर्ताः**

१०. सेवा प्रदायकले उक्त थप सुधारका कार्यक्रम सहितको दुई प्रति Hardcopy र Softcopy प्रस्ताव पेश गरेपश्चात आयोगले जाँचबुझ गरी कागजात पुगेको अवस्थामा प्रस्ताव परिपक्व भएको भनी सेवा प्रदायकलाई पत्र जारी गर्नेछ ।

११. उक्त पत्र जारी भएको मितिले ६० दिन भित्र आयोगले महसुल निर्धारण सम्बन्धि निर्णय दिनेछ।

१२. सेवाग्राही सन्तुष्टि सर्भे गर्दा आयोगलाई सेवा प्रदायकले सहजकर्ता/Observer का रुपमा आमन्त्रण गर्न सक्नेछन् ।

१३. उपरोक्त बुदाँहरु कार्यान्वयन गर्ने सन्दर्भमा आयोगको सहजिकरण गर्नु परेमा आवश्यक सेवा प्रदायकले अनुरोध गर्न सक्नेछन् । सेवा प्रदायकलाई सेवाग्राही सन्तुष्टि सर्भे प्रस्ताव लेखन/ सुधारमा कार्ययोजना/सार्वजनिक सुनुवाई व्यवस्थापनमा सहयोग अनुरोध भई आएमा सहयोग गर्न आयोगले कर्तव्य सम्झनु पर्दछ ।

१४. निर्धारण भए अनुसारको महसुल कार्यान्वयन भई रहँदा सेवा प्रदायकले पेश गरेको सेवा प्रवाह सुधार योजना खानेपानीको गुणस्तर र महसुल दरको हुवहु कार्यान्वयन भए नभएको पक्ष उपर आयोगले कुनैपनि बखत अनुगमन गर्न सक्नेछ र आवश्यक निर्देशन दिन सक्नेछ ।

१५. प्रस्तावित सुधार योजना कार्यान्वयन गर्न/महसुल दरमा हुवहु लागु गर्न सेवा प्रदायकको कर्तव्य हुनेछ ।

**१६. सुधार योजनामा समावेश गर्नुपर्ने मुख्य मुख्य विषयहरुः**

क) चुहावट नयन्त्रण सम्बन्धि,

ख) संस्थागत संरचना (O.D) को स्वीकृति (मिति समेत खुलाई),

ग) वक्यौताको अवस्था र उठाउने कार्यविधि,

घ) सेवाग्राहीहरुको गुनासो व्यवस्थापनको चुस्त दुरुस्तता,

ङ) खानेपानी वितरण तालिकामा सेवा ग्राहीको पहुँच,

च) महसुल संकलनको Volume र Ratio वृद्धि कार्य योजना,

छ) Post Tariff Implementation Readiness Plan,

ज) Website मा सेवाग्राहीको पहुँच र कार्यान्वयन पक्ष,

झ) आन्तरिक सुशासन/खरिद प्रकृया/कर्मचारी प्रशासन निति आदि,

ञ) सेवा प्रदायकले पेश गर्न आवश्यक ठानेका र आयोगसँग छलफल हुँदा उठेका अन्य विषयहरु,

ट) मिटर र मिटर रिडिङ्गको अवस्था तथा सुधार ।

१७. सेवाप्रदायकले समावेश गर्न चाहेको अन्य विषयहरु ।